# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ७ गते २०२२ साल

### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्टभरी, निम्नलिखित दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएका शुरुदेखिका सक्कल प्रमाणपत्र र मार्कशिटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै शामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनु पर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, उल्लिखित दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिंदा उल्लिखित दस्तूरसहित विभागीय प्रमुख ( विभागीय प्रमुख टाढाभए अड्डा प्रमुख ) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोग-बाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरुको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्ने छ ।

## विज्ञापन नं. १०९

१) पद र स्थानः–श्री ५ को सरकार, काठमाडौं संस्कृत माध्यमिक पाठशालाको निमित्त माध्यमिक शिक्षक, नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– आइ. ए. पास ।

३) वाञ्छनीय योग्यताः– अध्यापन कार्यमा अनुभवीलाई विशेष ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूर ः– नगद रू. १।– एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः–नगद रू. ५।– पाच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः–२०२२।१।१७।५ सम्म ।

८) सम्पर्क मितिः–०२२।१।२०।१ का दिन १६०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनुपर्छ ।

## विज्ञापन नं. ११०

१) पद र स्थानः–श्री ५ को सरकारको छापाखानाको निमित्त सिनियर बूक बाइण्डर, नन गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– नेपाली अंग्रेजी विभिन्न किसिम तथा आकार प्रकारको पुस्तक-पुस्तिका, पत्र-पत्रिका आदि बाइण्डिङ्ग स्टिचिङ्ग फोल्डिंग कर्भरिङ्गसमेत आफ्नो जिम्मा लिई राम्रोसंग गर्न गराउन सक्ने प्रमाणपत्र पेश गर्नुपर्छ ।

३) वाञ्छनीय योग्यताः–सरकारी या गैर सरकारी संस्थामा रही उक्त विषयमा ३ वर्षसम्म काम गरिसकेकोलाई ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।–देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १। एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ५।–पाच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति ०२२।१।६।१ सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८) सम्पर्क मितिः– ०२२।१।१०।५ का दिन १६०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ।

## विज्ञापन नं. १११

१) पद र स्थानः– श्री ५ को सरकार यातायात विभाग अन्तर्गत काठमाडौं तथा पोखरा हवाइ अड्डाको निमित्त रेडियो मेण्टेनेन्स मेकानिक्स नन्‌गजटेड प्रथम श्रेणी (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– कुनै स्वीकृत सि. ए. टी. सी. बाट रेडियो मेन्टिनेन्स मेकानिक्स विषय सर्टिफिकेट प्राप्त गरेको हुनु पर्छ।

३) वाञ्छनीय योग्यताः– उक्त काममा अनुभव प्राप्त व्यक्तिलाई प्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

५) दरखास्त दस्तुरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।१।१०।५ सम्म ।

८) सम्पर्क मितिः–२०२२।१।१३।१ का दिन १५०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ।

## विज्ञापन नं. ११२

१) पद र स्थानः- श्री ५ को सरकार, प्रबन्धरथी विभाग (ऐ. नि. नि.) शाही जंगीअड्डा अन्तर्गत सुन्दरीजल आर्शनलको निमित केमिष्ट, नन्‌गजेटेड प्रथम श्रेणी ( प्राविधिक ) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– आइ. एस्सी. पास।

३) वाञ्छनीय योग्यताः– सो भन्दा बढी योग्यता र कुनै कारखानामा राशायनिक काम गरी अनुभव प्राप्त व्यक्तिलाई प्राह्यता दिइने छ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म।

५) दरखास्त दस्तुरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७। सात रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः- ०२२।१।१३।१ सम्म ।

८) सम्पर्क मितिः– ०२२।१।१५।३ का दिन १५०० बजे ।

९) विशेष सुविधाः– सुन्दरीजल आर्शनल जान आउन बसमा बस्न पाइने ।

१०) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं· ११३

१) पद र स्थानः– श्री ५ को सरकार, यातायात विभाग अन्तर्गत विभिन्न हवाइ अड्डाहरूको निमित्त ( काठमाडौं, लुम्बिनी र पोखराको निमित्त ) स्टेशन अपरेटर, नन्‌गजेटेड प्रथम श्रेणी (प्राविधिक) जवान ७ सात स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– कुनै स्वीकृत सी. ए. टी. सी. बाट एरोनटिकल स्टेशन अपरेटरको सर्टिफिकेट प्राप्त ।

३) वाञ्छनीय योग्यताः– सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

५) दरखास्त दस्तुरः– नगद रू. १।५०– एक रुपैयां पचास पैसा ।

६) अन्तर्वार्ता दस्तुरः– नगद रू. ७।– सात रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।१।१६।४ ।

८) सम्पर्क मितिः– ०२२।१।२०।१ का दिन १५०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनुपर्छ ।

## विज्ञापन नं. ११४

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग, (डिजाइन शाखा) को निमित्त ड्राफ्टसमैन, नन्‌गजेटेड प्रथम श्रेणी (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ड्राफ्टसमैन, कोर्श पास ।

३) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म ।

४) दरखास्त दस्तुरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

५) अन्तर्वार्ता दस्तुरः– नगद रू. ७।– सात रुपैयां ।

६) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२२।१।१६।४ सम्म ।

७) सम्पर्क मितिः– ०२२।१।२०।१ का दिन १५०० बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनुपर्छ ।

## विज्ञापन नं. ११५

१) पद र स्थानः– श्री ५ को सरकारको छापाखानाको निमित्त नन्‌गजेटेड द्वितीय श्रेणी (प्राविधिक) प्रेसम्यान जवान २ दुई स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– नेपालीमा राम्रोसंग लेखापढी गर्न सक्ने तथा अंग्रेजीमा पनि ज्ञान भई आधुनिक प्रेस मेशिन सम्बन्धी तालीम प्राप्त गर्नुकोसाथै राम्रोसंग चलाउन सक्ने हुनु पर्छ ।

३) वाञ्छनीय योग्यताः– कमसे कम ५ वर्ष प्रेसमेन भै काम गरेकोलाई प्राथमिकता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५) दरखास्त दस्तूर :– नगद रू. १। एक रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. ५।– पांच रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०२२।१।६।१ सम्म ।

८) सम्पर्क मितिः– २०२२।१।१०।५ का दिन १५०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।

## विज्ञापन नं. ११६

१) पद र स्थानः– श्री ५ को सरकार, सी.सी.एफ.अफिस अन्तर्गत फरेष्ट रिसोर्सेज सर्भे अफिसको निमित्त कूलीडर, गजेटेड तृतीय श्रेणी (प्राविधिक) काम छउञ्जेलको अस्थायी पद ३ तीन ।

२) आवश्यक न्यूनतम योग्यताः– बी. एस्सी, ए. आई. एफ्. सी. डिग्री प्राप्त ।

३) वाञ्छनीय योग्यताः– इन्भेन्टरी कूमा काम गरिसकेकोलाई ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।१।१०।५ सम्म ।

८) सम्पर्क मितिः– ०२२।१।१३।१ का दिन १६०० बजे ।

९) उम्मेदवारले काम गर्नुपर्ने स्थानः– हेड अफिस काठमाडौं र विभिन्न जिल्लाको फील्डमा ।

१०) उमेरः–उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनुपर्छ

११) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल उमेदवारको स्वास्थ्य परीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइने छ, उक्त परीक्षाबापत रू. १०। दश उम्मेदवार आफैले बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. ११७

१) पद र स्थानः– श्री ५ को सरकार, टक्सार विभागलाई इञ्जिनियर, गजेटेड तृतीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– बी. इ. ( मेकानिकल )

३) वाञ्छनीय योग्यता :– अनुभवीलाई ग्राहचता दिइनेछ ।

४) कामको किसिमः– टक्सारमा उत्पादन तथा मेन्टिनेन्ससम्बन्धी काम ।

५) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

६) दरखास्त दस्तूर नगद रू. ३। तीन रुपैयां ।

७) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०। दश रुपैयां ।

८) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः–०२२।१।१४।२ सम्म ।

९) सम्पर्क मितिः– ०२२।१।१६।४ का दिन १६०० बजे ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल उम्मेदवारको स्वास्थ्य परीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइनेछ । उक्त परीक्षाबापत रू. १०। दश उम्मेदवार आफैंले बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. ११८

१) पद र स्थानः श्री ५ को सरकार पद्मकन्या कलेजको निमित्त संगीत प्राध्यापक ( सितार वादक ) गजेटेड तृतीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– यम. म्यूजिक (इन्स्ट्रुमेन्टल)

३) वाञ्छनीय योग्यताः– कुनै कलेजमा सम्बन्धित विषय प्राध्यापन गरिरहेकोलाई ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूर– नगद रू. १०।– दश रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मिति ०२२।१।१४।२ ।

८) सम्पर्क मितिः– ०२२।१।१६।४ का दिन १५०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।

१०) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल उम्मेदवारको स्वास्थ्यपरीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइने छ । उक्त परीक्षाबापत रू. १०।– दश उम्मेदवार आफैंले बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. ११९

१) पद र स्थानः– श्री ५ को सरकार, संस्कृत महाविद्यालयको निमित्त प्राध्यापक ( राजनीतिशास्त्र ) गजेटेड तृतीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– एम. ए. राज नीतिशास्त्र ।

३) वाञ्छनीय योग्यताः– प्रथम वा द्वितीय श्रेणीमा पास भएकोलाई र प्राध्यापक कार्यमा अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५। सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२२।१।१३।१ सम्म

८) सम्पर्क मितिः– ०२२।१।१५।३ का दिन १५०० बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा हुनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल उम्मेदवारको स्वास्थ्यपरीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइनेछ । उक्त परीक्षा बापत रु. १०।– दश उम्मेदवार आफैंले बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. १२०

१) पद र स्थानः– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गतको निमित्त डाक्टर, गजेटेड तृतीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– एम. बी. बी. एस. ।

३) मासिक तलबको स्केलः– रू ३५० देखि ६२५।– सम्म ।

४) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

५) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०।– दश रुपैयां ।

६) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२२।१।१३।१ सम्म ।

७) सम्पर्क मितिः- ०२२।१।१५।३ का दिन १६०० बजे ।

८) उमेरः– उम्मेदवारको उम्मेर १६ वर्ष पूरा हुनुपर्छ ।

९) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल उम्मेदवारको स्वास्थ्यपरीक्षा कुनै सरकारी अस्पतालद्वारा गराइनेछ । उक्त परीक्षाबापत रू. १०।– दश उम्मेदवार आफैंले बुझाउनुपर्नेछ ।

आज्ञाले–

तारकबहादुर शाह,

निमित्त सचिव, लोकसेवा आयोग ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग

९५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।